# APG Third Round Mutual Evaluation तयारी सम्बन्धी अन्तरक्रिया कार्यक्रम

वित्तीय जानकारी इकाईले असोज ११ गते काठमाडौंमा एपीजी तेस्रो पारस्परिक मूल्याङ्कनको तयारीका सम्बन्धमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । डेपुटी गभर्नर बम बहादुर मिश्रको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा बैंकका उच्च अधिकारीहरूको उपस्थिति थियो ।

कार्यक्रममा सम्बोधन गर्दै डेपुटी गभर्नर मिश्रले पारस्परिक मूल्याङ्कनको प्रक्रियाबारे प्रकाश पार्नुका साथै सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणसम्बन्धी नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुनुपर्ने आवश्यकता औंल्याउनुभयो । उहाँले इजाजत दिएका बैंक तथा वित्तीय संस्था र अन्य संस्थाको सुपरिवेक्षकीय कारबाहीमा सम्पत्ति शुद्धीकरण निवारणका विषयमा कुनै कसर राख्न नहुने बताउनुभयो । तेस्रो चरणको पारस्परिक मूल्याङ्कनसँग सम्बन्धित पूर्वतयारीलाई प्रभावकारी ढङ्गले अघि बढाउन डेपुटी गभर्नर मिश्रले निर्देशन दिनुभयो ।




कार्यक्रममा बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक देव कुमार ढकालले तेस्रो चरणको पारस्परिक मूल्याङ्कनसँग सम्बन्धित तयारीका निम्ति अन्तर विभागीय समन्वय र सहकार्यलाई थप प्रभावकारी बनाउनुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

आयोजक वित्तीय जानकारी इकाईका प्रमुख दीर्घबहादुर रावलले कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्दै एसिया प्यासिफिक समूहको सचिवालयले पारस्पारिक मूल्याङ्कनका लागि विस्तृत कार्यतालिका तयार गरी मूल्याङ्कन टोलीको नामावली पनि पठाइसकेको जानकारी दिनुभयो ।

कार्यक्रमका छलफल सत्रमा इकाईका उप-निर्देशक स्वरूप श्रेष्ठले 'पारस्परिक मूल्याङ्कनको तयारी: वित्तीय जानकारी इकाईको दृष्टिकोण' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशक अभियान उपाध्यायले 'पारस्परिक मूल्याङ्कनको तयारी : सुपरिवेक्षकीय दृष्टिकोण' विषयमा दोस्रो कार्यपत्र प्रस्तुत गर्नुभयो । यसै गरी, उप-निर्देशक डा. हरिकुमार नेपालले समग्र पारस्परिक मूल्याङ्कनको सन्दर्भमा नेपाल राष्ट्र बैंकको भूमिकाका विषयमा आफ्नो प्रस्तुति राख्नुभएको थियो भने इकाईका सहायक निर्देशक अमिष शर्माले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।